# खुम्बु पासाङल्हामु गाउँपालिका

## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal


मितिः२०८१/०९/०१

### प्रेस विज्ञप्ति

विषयः खुम्बु क्षेत्रमा हेलिकप्टर उडान सम्बन्धमा।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत लुक्ला देखि माथिल्लो क्षेत्रमा भईरहेको अत्याधिक हेलिकप्टर उडानको कारण, विश्व सम्पदा सुचीमा सुचीकृत सगरमाथा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको वन, वातावरण तथा वन्यजन्तुमा असर परेको, हेलिकप्टरको अत्यधिक ध्वनी प्रदुषणको कारण स्थानीय बासिन्दा र पर्यटकहरुले प्रत्यक्ष असर खेपिरहेको, अत्याधिक हेलिकप्टर उडानको कारण स्थानीय व्यापार व्यवसाय तथा रोजगारीमा समेत गम्भिर असर परेको कारण यस क्षेत्रमा उद्धार र सिलिङ फ्लाईट बाहेकका अनावश्यक र व्यवसायिक हेलिकप्टर उडान बन्द गर्नुपर्ने बेहोरा सहित स्थानीय बासीहरू, स्थानिय संघ संस्थाहरू र पर्यटकहरु तथा सरोकारवालाहरु लगायत सबैको व्यापक गुनासो र माग आएको कारण उक्त मागलाई सम्बोधन गर्न र विश्वमै प्रख्यात सगरमाथा क्षेत्रको पर्यटन पदमार्ग, पर्यटकीय गन्तव्यको महत्व, मूल्य र सौन्दर्यलाई कायम राखी दिगो पर्यटन विकास गर्न खम्बु पासाङल्हामु गाउँपालिकाको मिति २०८१/०८/२२ को कार्यपालिका बैठकल र सगरमाथा राष्ट्रिय निकुञ्ज, मधवर्ती क्षेत्र व्यवस्थापन समिति तथा खुम्बु क्षेत्रमा रहेका सरोकारवाला संघ-संस्था तथा स्थानीय समुदायको उपस्थितिमा मिति २०८१/०८/२५ गते भएको बैठकले तपसिलका निर्णयहरु गरेको छ ।

१) आपत्कालीन उद्धारको हकमा उड़ान स्थलमा रहेका स्वास्थ्य संस्थाबाट अनिवार्य रुपमा सिफरिस लिनुपर्ने, उक्त उडानमा स्वास्थ्यकर्मी अनिवार्य हुनुपर्ने र लुक्लास्थित पासाङल्हामु निकोल निकी अस्पतालमा परीक्षण गराई अन्यत्र उपचारको लागि जानुपर्ने भएमा अस्पतालको सिफारिस अनिवार्य रुपमा लिनुपर्ने।

२) यस गाउँपालिकाको लुक्ला भन्दा माथि सगरमाथा राष्ट्रिय निकुञ्जको ऐन नियम विपरीत नहुने गरी उद्धार र सिलिङ फ्लाईट मात्रै सञ्चालन गर्न दिने र अन्य व्यवसायिक रुपमा सञ्चालन हुने हेलिकप्टरहरु मिति २०८१/०९/१७ (2025/01/01) बाट पूर्ण रुपमा रोक लगाउने।

उपरोक्त निर्णयहरू कार्यन्वयन गर्न आवश्यक समन्वय र सहयोगको लागि नागरिक उड्डयन प्राधिकरण नेपाल र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान)लाई यस गाउँपालिकाबाट पत्राचार गरिसकेकोले उक्त निर्णयहरु कार्यन्वयन गर्न गराउन सम्बन्धित सबैमा विनम्र अनुरोध सहित जानकारी गराउदछौं। गाउँपालिकाको लुक्ला भन्दा माथि सगरमाथा राष्ट्रिय निकुञ्जको ऐन नियम विपरीत नहुने गरी उद्धार र सिलिङ फ्लाईटको लागि मात्रै हेलिकप्टर सञ्चालन गर्न र अब उप्रान्त हेलिकप्टर उडान सहितको कुनै पनि प्याकेज खुम्बु क्षेत्रको लागि बुकिङ तथा बिक्री नगर्न ट्रेकिङ एजेन्सी एसोसियसन अफ नेपाल (टान) र सोसँग आवद्ध र आवद्ध नभएका समेत गरी यस गाउँपालिका क्षेत्र भित्र ट्रेकिङ सञ्चालन गर्ने सबै ट्रेकिङ तथा ट्राभल एजेन्सीहरूलाई अनुरोध छ । यो जानकारी पश्चात पनि यदि कोही कसैले यस्ता गतिविधि गरेको कारण यस क्षेत्रमा कुनै पनि बाधा अड्चन खेप्नु परेमा त्यसको जवाफदेही गाउँपालिका नहुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

ल्हाक्पा छिरी शेर्पा

प्रवक्ता


Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np

Phone: +97738590046